# प्रदेश सभा

## सुदूरपश्चिम प्रदेश

## २०७७/१०/२६

### सातौं अधिवेशन

### (प्रथम वैठक)

## बाचन पत्र (रिडिङ्ग पेपर)

**माननीय सदस्यहरु,** **पिठासिन माननीय सभामुख अर्जुन बहादुर थापा**

यस सभाको सातौं अधिवेशनको पहिलो बैठकको कारबाही प्रारम्भ हुन्छ ।

**माननीय सदस्यहरु,**

सातौं अधिवेशनको पहिलो बैठकमा सम्पूर्ण माननीय सदस्यहरूलाई हार्दिक स्वागत छ । यो अधिवेशन उपलब्धिमुलक रहोस् भनी शुभेक्षा व्यक्त गर्दछु । माननीय सदस्यहरुले अझै मर्यादित तथा अनुशासित भई सक्रिय रुपमा सहभागी हुँदै बैठक सञ्चालनमा सहयोग पुर्‍याउनु हुनेछ भन्ने अपेक्षा राखेको छु ।

**माननीय सदस्यहरु,**

संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि संघर्ष गर्दै आफ्नो प्राणको आहुती दिने ज्ञात अज्ञात शहीदहरू प्रति सम्मान प्रकट गर्न आ-आफ्नो स्थानबाट उठेर १(एक) मिनेट मौनधारण गर्न सम्पूर्ण माननीय सदस्यहरुलाई आग्रह गर्दछु ।

माननीय सदस्यहरू ,आ-आफ्नो ठाउँबाट उठेर एक मिनेटको मौनधारण गरौं ।

**मौनधारण पश्चात**

**माननीय सदस्यहरु,**

प्रदेश प्रमुखको कार्यालयबाट मिति २०७७।१०।१९ च.नं. १०९ को पत्र प्राप्त हुन आएको छ । अब, म उक्त पत्र पढेर सुनाउछु ।

माननीय सभामुखज्यू,
प्रदेश सभा,
सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली ।

**विषय :- प्रदेश सभाको सातौं अधिवेशन आह्वान सम्बन्धमा ।**

नेपालको संविधानको धारा १८३ को उपधारा (१) बमोजिम सुदूरपश्चिम प्रदेशको प्रदेश सभाको सातौं अधिवेशन मिति २०७७ माघ २६ गते सोमबार दिनको १:०० बजे बस्ने गरी आह्वान गरेको छु ।

**<u>बोधार्थ</u>**

माननीय मुख्यमन्त्रीज्यू,

मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, धनगढी, कैलाली ।

**माननीय सदस्यहरु,**

छैटौं अधिवेशनमा पारित भएका **"रेडियो, एफ.एम र टेलिभिजन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६"** मिति २०७७/०५/१८ गते, **"प्रदेश जनस्वास्थ्य सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६"** मिति २०७७/०५/१८ गते र **"प्रदेश लोक सेवा आयोग (पहिलो संशोधन) ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक"** मिति २०७७/०५/०८ मा माननीय प्रदेश प्रमुखबाट प्रमाणीकरण भएको जानकारी गराउछु ।

**माननीय सदस्यहरु,**

सातौं अधिवेशनको पहिलो बैठक भएकोले शुभकामना आदान प्रदानका लागि प्रदेश सभामा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलहरूबाट केही माननीय सदस्यहरूलाई बोल्ने अवसर प्रदान गर्न सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम ५७ बमोजिम विशेष समय निर्धारण गरेको छु । सर्वप्रथम माननीय तारा लामा तामाङ्गलाई समय दिन्छु ।

**माननीय रण बहादुर रावल**

तीन बर्ष भनेको धेरै ठुलो समय हो सरकारका लागि फेरी त्यसमा दुइतिहाइको ने.क.पा.को सरकार छ अब प्राथमिकतामा र मानव विकासका सुचांकमा पनि खासै प्रभाव बढेको देखिदैन । सुदूरपश्चिमका विशेष गरि डडेल्धुरा, कंचनपुर बाहेक अन्य जिल्लाहरुमा धेरै पछाडि परेका जिल्लाहरुको पनि उन्नती प्रगतीमा टेवा पुगेको देखिदैन त्यसैले यी सन्दर्भमा धेरै आदणीय माननीयज्यूहरुलाई सभामुखज्यू मार्फत यी सूचांकहरु त्यति भन्न मन लागेको छैन मलाई त्यती साहस छैन त्यस कारण चाहि सुचांक फेर बदल भएको भए कमसेकम हाम्रो टिमवर्क हामी भएपछि प्रमुखप्रतिपक्षमा भए पनि कोही प्रतिपक्षमा भए पनि कमसेकम प्रदेश सरकार जो एउटा मौलिकता बोकेको संविधानमा भएको हुनाले यसले केही न केही गरेको छ है भनेर हामी पनि सीर ठाडो गरेर गाउँघरमा जान सकिन्थ्यो भले हाम्रो सरकार नहोस त्यस कारण चाहि यस सन्दर्भमा म धेरै भन्न चाहादिन तर एउटै कुरा के छ भने गरीबीको जो रेखामुनीको जनसंख्याको कर चाहि बढेको छ । माननीय सभामुख महोदय अब म सामाजिक न्याय तथा शान्ति सुरक्षाको सम्बन्धमा पनि केही भन्न चाहान्छु अघी मैले शुरु मै भने ती बालिकाहरुको बलात्कार र हत्याका कुराहरु पनि गरे ती यावत जति पनि कुराको बारेमा गरे बास्तवमा हामी गर्दा गर्दा थाकि सक्यौ न्याय पाउनेवाला छैन उहाले अहिले सरकारले म भन्छु कमसेकम अरु केही नाइ प्रहरी ऐन भनेर खोइ त जहिले पनि संघीय सरकारले यो गरेन तेले यो गरेर कहिले सम्म हामीले सुन्ने पत्रकारहरुलाई पनि त्यो लेख्न पनि झ्याउ लागिसक्या होला अब हाम्रो अन्तिम भए पछि सुन्ने हो कि त्यस कारण आफ्नो क्रियटीभिटी, आफ्नो

अग्रसरता यो सरकारले किन देखाएन । अहिले सम्म प्रहरी ऐनको सन्दर्भमा किन अगाडी बढ्न सकेन जब काही कुरा नमिल्ना साथ त सडकमा जान सक्छौ भने जनताको पक्षमा जनतालाई शान्ति सुरक्षाको प्रत्याभूति दिन जीउ धनको रक्षा गर्न त्यति पनि नसके अरु विकासका कुरा त के गर्न सकिन्छ त्यसमा अग्रसर हुने कि नहुने अर्को कानूनको सन्दर्भमा अहिले झण्डे झण्डै ४२ वटा जति कानूनहरु बनाइसकेको छ । त्यसमा विधेयकहरु हामीले पास गरेका छौ कतिपय कुराहरुमा आर्थिक विधेयकहरुमा केही हाम्रो विमतीहरु भएका होलान योजना तर्जुमा गर्ने सन्दर्भ देखि योजना ल्याउने सन्दर्भ देखि हरेक कुरा भए होलान तत्पश्चात धेरै कुराहरुमा हाम्रो सहमतिका साथ काम गर्यौ तर आम प्रश्न यहा छ ती ऐन कानूनहरुलाई आज के अवस्थामा छन् आज ती फायलमा ती दराजमा थन्किएर धुलो टकटकाउनु पर्ने स्थिति छ कुनै अध्ययनकर्ता आए भने धुलो टकटकाउनु पर्ने स्थिति छ आज सुशासन ऐन २०७५ प्रमाणिकरण भैसक्या हो पास मात्र भएन प्रमाणिकरण भैसकेको आज सुशासन ऐनलाई लत्याइएको छ । कुनै सुशासन देखिने प्रत्याभूति जनताले पाएका छैनन । योजना तर्जुमा र योजना कार्यान्वयन बनाउने हरेक कुरामा भ्रष्टाचार मौलाएको छ आज सुदूरपश्चिमका जनताहरुको सीर झुकेको छ । अर्को कोभिड-१९ को सन्दर्भमा केही कुराहरु पूर्ववक्ताले भने पनि केही कमी देखिएता पनि कोभिड-१९ हाम्रो प्रदेश सरकारको लागि एउटा मौकाको रुपमा हेरियो यसले जनतालाई कसरी यसको संक्रमण घटाउने यसका कारणले पूर्वाधार कसरी बढाउने यसले गर्द सुदूरपश्चिमको जतिपति पूर्वधारहरु कसरी बलियो बनाएर यहाका जनशक्ति बढाएर एउटा दिगो लक्ष्य प्राप्त गर्ने कुरामा सरकार चिन्तित देखिएन सरकार चिन्तित के मा देखियो भने त्यही सरकारी मेशीनहरु किन्दा मेशीनहरु कसरी फाइदा लिने सामाग्रीबाट कसरी फाइदा लिने यावत कुराहरुमा चाही बढी आफ्नो दृष्टीहरु त्यहा देखिए त्यस कारण यसबाट पनि गैरजिम्मेवार तरिकाले अगाडी बढेको हामीले पायौ अन्य विकासका गतिविधको सन्दर्भमा अहिले स्थानीय सरकार भन्दा धेरै पछाडी छौ शुन्य प्राय अवस्थामा छौ विशेष गरि याद गर्नै पर्ने कुरा के छ भने माननीय मुख्यमन्त्रीको विशेष कार्यक्रमहरु रोजगारका कार्यक्रम किन नहोस कृषिका कार्यक्रम किन नहोस यावत कार्यक्रमको बारेमा ठुलो फियरिस छ । रोजगारका कार्यक्रममा अलिकति कोभिडको कारणले आझ लाखौ आज सुदूरपश्चिम बासिहरु बेरोजगार भएर भारत लगायतका देशहरुमा गए कोभिडको कारणले आफ्नै देशमा मरौ बरु हामी फर्कन्छौ भनेर यहा आए त्यो दुख पिडाको बारेमा यहालाई प्रष्ट छ सरकार संवेदनशिल भएन महिनौ सम्म बोडरमा भोकभोकै बलबल आए तत्पश्चात यहा केही गर्छु भनेर योजनाको सन्दर्भमा धेरै कुराहरु राख्यौ संसदमा सत्तापक्षकै साथिहरुले पनि राख्नु भो, प्रतिपक्षका साथिहरुले पनि राख्यौ सकभर बढीसे बढी रोजगारी यहा सृजना गरौ जसको कारणले यही उन्नती प्रगति हुन्छ र उता जान नपरोस भन्यौ हुदा हुदा अर्को खुशीको कुरा हाम्रो सम्माननीय मुख्यमन्त्रीजी भएकै लगत्तै उहाले विविसिको समाचामा सुन्न पाए बहुत खुशी लाग्या थियो विविसीमा दिएको अन्तरवार्ताले एक किसिमको लहर पनि पैदा भो बम्बै देखि कलहरु आए, बेङ्लोर देखि कलहरु आए अबको मुख्यमन्त्रीजीले त अब गर्ने भो ५० प्रतिशत भन्दा बढी तुरुन्तै हामी रोजगार

दिन्छौ भन्ने कुरा सुनाउनु भा थियो अहिले हेर्दा हेर्दा खोइ कहा छ कहा हुदा हुदा त्यहा आएका एक लाख सत्तरी हजार छ अस्थि मंसीर र पौष दुई महिनामा लर्को लाएर बरु उल्टो बरु मरे मरौ भोकै मर्न भन्दा काम गरेर खाएर मर्छौं भनेर ती पलायन उल्टो भारत फर्कने स्थिति बन्या छ त्यसबाट प्रष्ट हुन्छ त्यसैले यी कुराहरुमा एउटा कुरा के सोच्या थिए भन्दा खेरी विकासको सन्दर्भमा, भ्रष्टाचारको बारेमा ठिक छ प्रतिपक्षले के भन्ला अरुले के भन्लान सत्तापक्षले केभन्लान त्यो भन्दा पनि संविधानतह महालेखा परीक्षकको कार्यालयले पनि त्यसले हरेक बर्षको पुरा परिक्षण पनि गर्छ त्यो प्रक्रिया नेपालको संविधानको धारा २०७२ को धारा २९४(३) प्रदेश प्रमुख मार्फत माननीय मुख्यमन्त्री मार्फत यावत कुराहरुलाई जो लेखापरीक्षण ऐन २०७५ देखि यी विभिन्न दफाहरु छन् म यहा भन्न चाहादिन त्यस अन्तरगत अरु यहा प्रष्ट रुपले उहाहरुले उल्लेख गरेका महालेखा परीक्षकको क्लियरकट रुपले यो यो कुरामा भ्रष्टाचार भा छ भनेर प्रष्ट छ तत्सम्बन्धमा खोइ त अहिले सम्म कारवाही भएको त्यो कुरा पनि देखिदैन त्यसैले माननीय सभामुख महोदय किन हामी यो अवस्थामा निरिय अवस्थामा यो सरकार छ यहाँ गम्भिर प्रश्न छ अर्को ल ठिक छ त्यो गर्न सकेनौ नेपाल सरकारको संघीय सरकारले ७१ करोड भन्दा बढीको बजेट यो सुदूरपश्चिमलाई विशेष गरी कैलाली बहुमुखी क्यापस, डोटी बहुमुखी क्याम्पस त्यसपछि सामुदायिक अस्पताल लम्की, सामुदायिक अस्पताल बेदकोटको लागि भनेर झण्डै ७१ करोड छुट्याउदा पनि केही एउटा साधारण चिठ्ठी प्रक्रिया यो प्रदेशले नपुर्याउदा त्यो पैसा फ्रिज भा को छ अब यत्रो जघन्य अपराधै म भन्छु यस्ता खालका कामहरु त अरुले दिएका योजनाहरु छुट्याएका कुराहरु पनि कार्यान्वयन गर्दैनन भने यो सरकारको औचित्य माथि प्रश्न किन नगर्ने जनताहरुले उठाउन सक्ने कि नसक्ने त्यसैले अर्को कुरा लोकसेवा आयोगका कुरा गठन गरेको खोई त अहिले सम्म म पनि त्यहा सदस्य छु प्रतिपक्ष दलको हैसियतले अहिले सम्म एउटा मिटिङ भएको देख्या छैन । कहा रोकियो, किन रोकियो, के उद्देश्यले रोकिराछ यिनिहरु कार्यान्वयन भनेको यो अवस्था हो यहा ऐन कानून पास गर्ने त्यसपछि त्यसको कार्यान्वयन नहुने भए त्यसको औचित्य किन यत्रो खर्च किन गर्ने त्यस कारण जनताले अहिले घर दैलोमा प्रदेश सभा चाहियो कि नचाहियो भन्ने प्रश्न उठाउन थाल्नुको कारण यो संविधानत गलत होइन संविधान त यो भन्दा उच्चतम व्यवस्था हो तर हाम्रो व्यवस्थापन अहिलेको बर्तमान संस्थापक सरकारले प्रदेशको संस्थापक सरकारले कार्यान्वयन गर्न नसक्दा आज प्रश्न चिन्ह खडा भएको छ । त्यसको उचित उपचार हामीले दिनु पर्दछ । त्यस कारण चाहि अर्को महत्वपूर्ण कुरा बाढ पहिरोको कुरा बझाङको कुरा किन नहोस, अछामको कुरा किन नहोस यही कैलालीको कैलारी देखि भजनी जोशीपुर देखि लिएर टीकापुर देखि लिएर यहा विविन्न ठाउँ हेर्नुस त्यहा घरै मान्छेहरुको घरै पुरा सखाप हुदा खेरी पनि अहिले प्रदेश सरकारले एउटा तपाइ देखुस यो ठाउँमा राहत वितरण गरेको छ भन्नुस म खुशी साथ सम्मान गर्न चाहान्छु । कतिपय यहाँका माननीय मन्त्रीज्यूले भ्रमण गरेका छन् यो यो गर्छु यो तटबन्ध बनाउन यति सहयोग पनि गर्छु भनेका छन् म नाम भन्न चाहादिन त्यसको कार्यान्वयन खोई त छैन शुन्य बराबर छ त्यसैले यो प्रदेश सरकारको उपस्थिति

छ छैन भन्ने कुरामा गम्भिर प्रश्नहरु उठ्नु स्वभाविक हो माननीय सभामुख महोदय त्यसैले एउटा प्रश्न के छ भन्दा खेरी अहिले संवैधानिक जटिलता आएको छ यो संघीयताको सन्दर्भमा बारम्बार हामीले विगतका बैठकहरुमा हामीले भनेका थियौ संसदमा माननीय सभामुख मार्फत यो गरिमामय सदनमा भनेका थियौ म व्यक्तिगत नाम भन्न चाहादैन सम्माननीय प्रधानमन्त्रीजी जो नेकपाको हुनुहुन्छ त्यो समग्र रुपमा हामी चिन्ने भनेको अहिलेको पार्टि नेकपा नै हो प्रदेशमा किन नहोस ६ वटै प्रदेशमा प्रदेश सरकार नेकपा कै छ । संघीय सरकार नेकपा कै छ हामी एकजना प्रधानमन्त्री एकजना अर्को नेता चिन्दैनौ हामी शुरु देखि भन्या थियौ कि संघीयता भनेको बयलगाडा चढेर अमेरिका पुग्न सकिन्छ भन्ने व्यक्तित्व हुनुहुन्छ उहाले संचालन गरिरहनु भा छ भन्नु हुन्थ्यो त्यस बारेमा गहन कुराहरु त्यसलाई हासि मजाकको रुपमा त्यसलाई लिइन्थ्यो त्यसबेला खोइ त हाम्रो प्रदेश सभाले कमसेकम यहा भोली दुर्घटना हुन सक्छ भन्ने सन्दर्भमा अलिकति सोचाइ राखेर केही गरेको भए अहिले यो दुर्घटना आउने थिएन की त्यसैले अहिले के देख्दै छु भन्दा खेरी समग्र रुपमा हामीले हेर्दा हामी के ठान्छौ अरुले गर्दा खेरी यसले अवसर आउने काम गर्यो ठान्छौ तर आफु पनि कति अवसर आउने कामहरु गरिरहेको छ बिर्सिहाल्छौ माननीय उपसभामुखको नियुक्तिको सन्दर्भमा कतिपय प्रदेश सभामा कतिको हामी चाहि वैधानिक हिसाबले संवैधानिक हिसाबले कुरा अगाडी बढेका छन् त्यस्तै संघीयमा कत्तीको बढका छन् अरु प्रदेशमा कत्तीको बढेका छन् आफुलाई सहज हुदा संवैधानिक आफुलाई असहज हुदा असंवैधानिक भन्न् प्रवृत्तीले आज देशमा यस्ता प्रवृतिहरुलाई अगाडि बढाएको छ त्यस कारण गम्भिर हुनै पर्छ अहिलेको नेकपाको सरकार पूर्णतया असंवैधानिक काम गर्नमा दत्तचित्त छ यसमा सम्पूर्ण चाहि हामी यो गुटमा उ गुटमा भन्दैनौ हामी सबैलाई समान हिसाबले हेरिरहेका छौ । आज २०७२ मा नेपाली कंग्रेसको अगुवाइमा ७-७ दशक लामो संघर्ष पश्चात बनेको संविधानमा सबैलाई मिलाएर सबै दललाई समेटेर नेपाली कंग्रेसको अगुवाइमा सुशिल कोइरालाको नेतृत्वमा यो संविधान आएको थियो । यसलाई २०७४ मा यही नेपाली कंग्रेसकै सभापति शेर बहादुर देउवाकै नेतृत्वमा निर्वाचन गरेर संविधानलाई कार्यान्वयन गरेकै हो अहिलेको आफु पछाडि परेर पनि नेकपाको अहिले सरकारमा छ हामी स्वहार्दपूर्ण रुपमा सहयोग गरेकै छौ । खोई त कार्यान्वयन यही हो कार्यान्वयन बहुमत छ भन्दै दम्भ देखाएर आज राज्यको सबै कुराहरुलाई दोहन गर्ने कुरामा अगाडी बढ्नु मलाई लाग्छ माननीय सभामुख महोदय बहुत गम्भिर र अहम प्रश्नहरु यहा खडा भएको छ यस सन्दर्भमा अलिकति हामी गम्भिर भएर अगाडी बढ्ने त्यो सन्दर्भमा अगाडी निर्णय गर्नुपर्छ जस्तो लाग्छ । यहाको सरकार केवल नेकपाको मात्रै सरकार होइन सरकारको नेतृत्व गरेपछि सरकार सबैको साझा हो हाम्रो नेपाली कंग्रेस प्रतिपक्षतिर छ, जनता समाजवादी पार्टि प्रतिपक्षमा छ त्यसको पनि सरकार हो आज माननीय मुख्यमन्त्री जस्ता सडकमा हिडिरहेको देख्छौ हामी कति अपठ्यारो स्थिति छ हामी त खुशी हुनुपर्ने हो नेपाली कंग्रेस तर हामी लोकतन्त्रमा आच आउने कुराहरुमा कहिल्यै पनि हामी खुशी हुनेवाला छैनौ लोकतन्त्र भनेको धेरै राम्रो विषय भएता पनि यो लोकतन्त्रलाई अगाडी बढाउनको लागि अलिकति गम्भिरता अलिकति

केही त्याग र तपस्य चाहिन्छ यसलाई अवलम्बन गर्नको लागि त्यस कारण माननीय सभामुख महोदय अहिलेको अवस्थामा नेकपाका जतिपनि माथिल्लो दर्जाका मैले देख्या छु दुइवटै ग्रुप देख्या छु मर्यादित हिसाबले आएका छैनन अमर्यादित हिसाबले बाटो बाटोमा हिड्या छन् हिड्न पाइन्छ सबैलाई तर जुन हिसाबले उहाले बोलेका कुराहरु गम्भिर एउटा नेपाली नागरिकलाई पनि असभ्य अनुभव फिल भा को छ त्यस कारण यि कुराहरु म धेरै नभनेर कमसेकम यव फुटपाते सैलीलाई त्याग्न संघीय माथि देखि तल सम्मका नेता लाग्नु पर्छ भन्ने छ । सत्ता संघर्ष आन्तरिक व्यवस्थापनमा पार्टी भित्र हुन्छ तर त्यो छताछुल्ल हिसाबले बाहिर आउदा र त्यसलाई त्यही गरिमामय हिसाबले अगाडी आउदा राम्रो हुन्छ यही हो लोकतन्त्रको एउटा महान कार्य जस्तो लाग्छ त्यस कारणले चाहि यही सन्दर्भमा अन्तमा म के भन्न चाहान्छु भन्दा खेरी एउटा बर्मा जस्तो ठाउँमा पनि यही प्रकृतिको कारणले त्यहा त भन्न सकिदैन त्यहा त एउटा निर्वाचित तरिकाले लोकतान्त्रिक तरिकाले निर्वाचित सरकारलाई ढालेर त्यहाको सैनिकले कु गरेर आज सत्ता लिएको छ गम्भिर आपत्तीको विषय छ यो अन्तराष्ट्रिय जगतमै यव लोकतन्त्र माथिको धावा हो भन्ने हामीले महसुस गरेका छौ यो दक्षिण एसियाकै कुरो भएको हुनाले सबैले यसमा चाहि अझै पनि ती आङसाङ सुची लगायत उहालाई सत्तामा राखिनु पर्छ भन्ने हाम्रो ठम्याइ छ र उहालाई बइज्जत तुरुन्त रिहाइ गरेर सत्तामा उहाको हक दिनु पर्छ यो अलोकतान्त्रिक कामको हामी घोर विरोध गर्छौं नेपाली कांग्रेस संसदीय दल त्यस पछि अन्तमा एउटा सरकार पूर्णतया संवेदनशिल जिम्मेवार हुनै पर्छ आजको यो आज शुरुवात भैरहेको छ र समन्वयकारी र जवाफदेहिताको सन्दर्भमा सुशासन ऐन कडाइका साथ लागु गर्ने सन्दर्भ देखि लिएर प्रशासनिक खर्चमा कटौती गर्ने कुराहरु देखि लिएर प्रदेश व्यवस्थापिका देखि सार्वभौम जति पनि छन् विश्वाशमा लिएर काम अगाडी बढ्ने कुराहरु देखि लिएर प्रदेश सभा र प्रदेश सरकारको बीचमा तालमेल एकले अर्कालाई सम्मान गर्ने कुराहरु देखि लिएर प्रदेशको भूमिकालाई अझ दरिलो बनाउनको लागि संघीय सरकारसँग जोड गर्ने कुराहरु देखि लिएर हर क्षेत्रमा पूर्णतया जतिपनि असफल भएका कुराहरुबाट शिक्षा लिएर कमसेकम पूर्णतया अगाडी बढ्न म हार्दिक अनुरोध गर्न चाहान्छु त्यसैले अन्तमा फेरी पन: ज्ञात अज्ञात सहितहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै यो संविधान एउटा दक्षिण एसियाकै नमूना संविधान भएकोले यसलाई सही ढंगले कार्यान्वयन होस जनताको पक्षमा शान्ति सुरक्षा लगायत यावत कुरामा उन्नती, प्रगति, समृद्धिमा यो संविधान पूर्णतया अब्बल दर्जामा छ त्यसलाई कार्यान्वयन गर्नमा नेकपा चुकि राखेको छ सुदूरपश्चिममा पनि चुकेको छ संघमा पनि चुकेको छ त्यसको हामी घोर विरोध गर्छौं र आउदा दिनहरुमा सही ढंगले अगडी बढोस भन्ने शुभकामना दिन चाहान्छु धन्यवाद नमस्कार ।

**माननीय कृष्ण बहादुर चौधरी**

माननीय सभामुख महोदय, देशमा आएको संकटको सबै मिलि गरौ सामना देशमा आएको संकटको सबै मिलि गरौ सामना प्रदेश सरकार बामै सरेको हो भने छिटो हिडोस भन्ने पनि शुभकामना । प्रदेश सरकार सुतेकै हो भने छिटो जागोस त्यसको पनि शुभकामना साथै प्रदेश सभाको सातौ अधिवेशनको पूर्ण सफलताको पनि हार्दिक हार्दिक शुभकामना । सभामुख महोदय, म एउटा सानो कविताबाट आफ्नो भनाई राख्न चाहान्छु । कविताको सृषक नैतिकताको खडेरी भनेर मैले लेखेको छु बच्चा त जन्मायौ तिमिले हुर्कने नदिइ मारिदियौ घाटि थिचि बच्चा त जन्मायौ तिमिले हुर्कनै नदिइ मारिदियौ घाटी थिचि बुढेसकालमा कसले पाल्ला छिटै पछुताउने छौ रुने छौ छाति पिटीपिटी । हुदैनन सुखि नेपाली हुदैन समर्द्ध नेपाल चाहेर हुन ओली चाहेर हुन दाहाल हुन पात्र उही छ प्रवृत्ती उही अन्यथा होइन आम नेपालीको बुझाइ छ सही ७२ होईन भन्छौ तिमिले ४७, ५३, ४ ल्यायौ चोरी ७२ होईन भन्छौ तिमिले ४७, ५३, ४ ल्यायौ चोरी वा गल्ती गर्छौ तिमिले उल्टो गर्छौ भाइलाई खुब गाली । हुदैन सुखि नेपाली हुदैन समृद्ध नेपाल चाहे रहुन ओली चाहे रहुन दाहाल हुन पात्र उही छ प्रवृत्ती उही अन्यथा होइन आम नेपालीको बुझाई छ सही । निर्मला हत्यारा खोइ टीसर्ट लगाएका युवालाई समात्छौ तिमि यही शहर धनगढी निर्मला हत्यारा खोइ टिसर्ट लगाएका युवाहरुलाई समात्छौ यही शहर धनगढी भागरथिको हत्यारालाई कारवाही गर भन्नेलाई जेल हाल्छौ लगाई छडी हुदैनन सुखि नेपाली हुदैन समर्द्ध नेपाल चाहे रहनु ओली चाहे रहुन दाहाल हुन पात्र उही छ प्रवृत्ती उही अन्यथा होइन आम नेपालीको छ बुझाइ सही । सभामुख महोदय, पूर्ववक्ता माननीयज्यूहरुले अस्थि २१ गते बैतडी जिल्लामा १७ बर्षिय बैनी भागरथी भट्टको बलत्कार पछि विभष ढंगले हत्या भएको छ यसको जनता समाजवादीले यो अपराधीलाई छिटो भन्दा छिटो कानूनको दायरामा ल्याउनु पर्छ भन्ने माग गर्न चाहान्छ साथै यस्तो कुरालाई सदाका लागि हाम्रो प्रदेश सरकारले यतातिर चाहि प्रदेश सरकारको पनि ध्यान जानु पर्छ भन्ने जोडदार माग गर्न चाहान्छु । अहिले देश नेपालमा ठुलो संकट आइपरेको छ ३ करोड सवार नेपालीलाई दुइवटा जेट विमानका चालकले गर्दा उनिहरुको कर्तुतले गर्दा सिंगो नेपाली ३ करोड नेपालीलाई दुर्घटनामा पारेको अवस्था छ । ती पाइलक त्यतिबेला सरकार गठन हुदा पार्टी एकता भएर सरकार गठन हुदा दुइवटा बडा उत्साहित भएका दुइवटा पाइलटहरु थिए आज तिनै पाइलटको कारणले गर्दा तीन करोड नेपालीहरु हामी दुर्घटनामा परेका छौ यो सारै हामी नेपालीहरुको लागि दुर्भाग्यको कुरा हो सभामुख महोदय, हामी तीन करोड नेपालीहरु चढेको गाडी चाहि दुर्घटना भएको छ यसो बाहिर हेर्दा खेरी चाहि बडा राम्रो गाडी छ तर हामी नेपालीहरुको दुर्भाग्य दुइवटा त्यो गाडी भित्र बाहिर चाहि बडा राम्रो देखिए पनि भित्र दुइवटा खिया लागेको नटबोल्ट थियो र त्यो नटबोल्ट खिस्किए चाहि आज यो तीन करोड नेपालीलाई धोका भएको छ । हामी ध्यान पुर्याएनौ त्यतिबेला । त्यतिबेला यदी ध्यान पुर्याएको भए त्यतिबेला नै हामी यो नटबोल्टलाई हटाएर हामी यात्रामा भएको भए चाहि यो दुर्घटना हुने थिएन आज यो दुइवटा कम्पनीको चाहे त्यो ल कम्पनीको नटबोल्ट होस चाहे त्यो ली कम्पनीको नटबोल्ट होस यो दुइवटै नटबोल्ट चाहि काम नलाग्ने नटबोल्ट भएको कारणले आज

सिंगो नेपाली दुर्घटनामा पर्ने अवस्था भएको छ सभामुख महोदय संघीय संसद प्रतिनिधी सभा पौष ५ गते विघठन भयो मेरो बुझाईमा तीन वटा कारणले भएको जस्तो लाग्छ मलाई हुन त हाम्रो प्रधानमन्त्रीजीले मेरो भाइले मेरो भतिजाले मेरो बैनीले मेरो बुढीले समेत काम गर्न दिएन त्यसैले मैले यो कदम चाल्न बाध्य भए भन्नु भएको छ मलाई लाग्दैन त्यो बहुमत करिब दुइतिहाइको बहुमतको सरकार थियो काम गर्न बाहिरबाट कुनै पनि समस्या थिएन कुनै पनि अपठ्यारो थिएन बडा सहज ढंगले काम गर्नुपर्ने त्यो अवस्था त्यो बातावरण चाहि थियो तर काम गर्न सकेन हाम्रो सरकारले मैले देखेको तीन वटा कारण हो नं.१ दुइवटा भाइको बीचमा कमिसनको भागबण्डा नमिलेको कारणले संसद विगठन भयो । दुइवटा भाइको कमिसनको भाग नमिलेको कारणले संसद विगठन गर्नुभयो दोस्रो कारण नेपालीहरुलाई धेरै ठग्ने काम भयो झुट बोल्ने काम भयो सपना बाड्ने काम भयो र यो अति भैसकेपछी यसलाई अब कसरी चाहि यो ठुलो भारी भयो कसरी बोक्ने अब यो उठाउने अवस्था नभएको कारणले सबै जनता नेपाली जनताले थाहा पाइसके यो सरकार झुट बोल्दो रैछ भन्ने कुरा अनि त्यसलाई थामथुम पार्न संसद विगठन गर्नु भएको हो तेस्रो कारण दुइचार महिना ६ महिना १ बर्ष सत्ता लम्ब्याउन सकिन्छ कि भनेर तेस्रो कारण यो हो मलाई किन यस्तो लाग्छ भने विगतका सरकारले चाहे त्यो ओमनीको कुरा होस यतिको कुरा होस सुन काण्ड होस एनसेल काण्ड होस स्कुल कम्प्यूटर फोरजी सेटालाइट होस यस्तो थुप्रै ठाउँमा करोडौको अरवौको भ्रष्टाचार भयो अब एउटा दाइले एउटा दाइलाई चाहि यो सबै भ्रष्टाचार गरेको देखेर अर्को भाईले दाई मलाई पनि हिस्सा देउन मलाई पनि भागबन्डा देउ न भनेर भन्दा दाईले होईन पर्ख न पाच बर्ष पछि त तिमि पाउछौ भनेर चाहि भनेको कारणले कान्छो भाईले मान्दै मानेनन चाहियो मलाई चाहियो आधा आधा चाहियो ढाई भए पनि चाहियो भनेर भन्न थालिसकेपछि अब हुदैन भनेर संसद विगठन हुन पुग्यो सभामुख महोदय दोस्रो मैले झुट किन भने समपना किन भने बाडियो नि त सपना नेपालमा रेल पानी जहाज विजुलीमा हावामा विजुली ग्यस घरघरमा ग्यास पुर्याइदिने थुप्रै झुट कुराहरु सरकारबाट भयो हाम्रै प्रधानमन्त्रीज्यूबाट भयो त्यो पुरा हुन सकेन अब जनताले त मार्लान भनेर यो संसदलाई विगठन गर्नुपर्यो भनेर चाहि संसद विगठन गरेका हुन । अब तेस्रो कारण सत्ता लम्ब्याउनका लागि मैले भने बैशाख १७ र २७ भनिएको छ बैशाख १७ र २७ मा चुनाव हुन सक्छ र सकिदैन मैले देख्दैन त्यो यदी भएन भने त्यस पछि बर्खा लाग्छ दुइचार महिना फेरी थप्छ सत्ता यो कारणले हाम्रो आदणीय प्रधानमन्त्रीज्यूले संसद विगठन गर्नु भएको हो । प्रधानमन्त्रीज्यूले भन्नु हुन्छ म सँग ६६ प्रतिशत बहुमत छ भनेर भन्नु हुन्छ यदी त्यत्रो बहुमत छ भने हाम्रो प्रधानमन्त्रीज्यूसँग अविश्वासको प्रस्ताव सँग किन डराउनु भयो सामना गर्नु पर्थ्यो नि त त्यत्रो बहुमत छ भने सामना गर्नु पर्थ्यो उहालाई ठुलो डर भयो सचिवालयमा, संसदीय दलमा त्यसपछि स्थायी किमिटीमा उहाको बहुमत छ भनेर उहाले भन्नुहुन्छ दावी गर्नु हुन्छ तर डराउनु भयो किन डराउनु भयो सभामुख महोदय बडा गम्भिर अवस्थामा नेपाल गुज्रिरहेको छ यदी बैशाखमा चुनाव हुन सकेन भने संवैधानिक संकटहरु उत्पन्न हुन्छ भर्खरै पूर्ववक्ता माननीयज्यूले भन्नु भो बर्मामा चाहि सैनिकले कु गर्यो त्यहा निर्वाचित

जनप्रतिनिधीहरुलाई कब्जा गरेर आफ्नो हातमा सत्ता लियो नेपालमा पनि त्यो के बेर त्यस्तो हुन अस्थि अलिकति संका पनि लागेको थियो अलिकति मिडियामा चर्चा पनि भयो त्यस कारणले यो हामी गम्भिर अवस्थामा छौ माननीय सभामुख महोदय, मैले अघि नै भने अब प्रदेश सरकारको कुरा गर्ने हो भने साच्चीकै हामी अब हाम्रो कार्यकालको अन्तिम अन्तिम अवस्थामा आइपुगेका छौ हामी बास्तवमा हामी सही ढंगले समिक्षा गर्यो भने हाम्रो प्रदेश सरकारले अहिले सम्म जनताले चाहे अनुसार जनताले आशा गरे अनुसार चाहि यो प्रदेश सरकारले विल्कुलै काम गरेको छैन अस्थि चाहि प्रधानमन्त्रीज्यूले हाम्रो यो धनगढी शहरमा आएर चाहि दुइबर्ष पहिले यही भूमिमा यही सुदूरपश्चिम प्रदेशमा तेह्र बर्षिय बहिनी निर्मला पन्तको हत्या भयो अहिले सम्म दुइ बर्ष नाघी सक्यो हत्यारालाई समात्न सकेको छैन कारवाही हुन सकेको छैन अब यही भूमिमा आउदा हाम्रो प्रधानमन्त्रीज्यू निर्मला पन्तको बारेमा एक शब्द बोल्नु भएन भर्खरै अस्थि बैतडीमा एकजना बैनीको त्यही तरिकाले बलत्कार भएर हत्या भएको छ अहिले सम्म हाम्रो सुदूरपश्चिम प्रदेश सरकारले यो विषयमा बोल्न सकेको छैन अनि हाम्रो प्रदेश सरकार कहा छ भन्ने कुरा आम नेपालीले आम सुदूरपश्चिम बासिले प्रश्न गर्दै छन् । हाम्रो माननीय मुख्यमन्त्रीज्यू हाम्रो पुलिस प्रशासन समाल्ने माननीय मन्त्रीज्यू हिडिहाल्नु भयो बडा विडम्बना हो यो अनि हाम्रो प्रदेश सरकारले यो शान्ति सुशासन कायम गर्न त सकेन सकेन ऐन कानून यो प्रदेश सभाले बनाएर पारित गरेर बाटो खोलिदिएर विकासको काम गरिदिदा पनि यव प्रदेश सरकारले चाहि बास्तवमा यो तीन बर्षको समयमा चाहि काम गर्न सकेन त्यस कारणले अब यो बाँकी रहेको डेढ बर्ष दुइ बर्षै होला यो बर्षमा हाम्रो प्रदेश सरकार अब जाग्नु पर्छ अलिकति दौड्नु पर्छ अब त्यो सुतेर हुदैन अनि यही तरिकाले हो भने त मान्छेले त स्वभाविक हो बाहिर आवाज आइराछ भनिराछन् मान्छेले यो प्रदेश सरकारको के काम प्रदेश सरकार किन चाहियो बास्तवमा यो ढंगले हो भने हाम्रो प्रदेश सरकार किन चाहियो भन्ने कोणबाट कुरा हुनु स्वभाविक कुरा पनि हो सभामुख महोदय त्यस कारणले यो बाँकी रहेका हामी सँग डेढ बर्ष दुइ बर्ष जुन समय छ प्रदेश सभाले चाहि राम्रो काम गरेको छ ४०-४२ वटा विधेयकहरु पास गरेर कानून निर्माण गरिसकेको छ । मलाई लाग्छ काम गर्नको लागि यो सरकार सँग कुनै कानूनले गर्दा चाहि रोकिएको अवस्था छैन यो बनेका जति कानूनलाई अक्षरस पालन गर्ने हो भने यो प्रदेश सरकार चाहि गति लिन सक्थ्यो तर कानून बन्छ ऐन बन्छ प्रदेश सरकारले काम गर्न सक्दैन यो चाहि कति ठुलो दुखको कुरा हो विडम्बना हाम्रो प्रदेश सभाले चाहि राम्रो काम गरेछ प्रदेश सरकारले चाहि काम गर्न सकेन त्यस कारणले अब फेरी पनि हामीसँग बाहाना गर्ने ठाउँ छैन यो भर्खरै बामे सर्न लागेको भन्छ कतिचोटी हाम्रो आयु ५ बर्षको हो ३ बर्ष हामी नाघिसक्यौ अब पनि हामी बामे सर्दै छौ र अब त दौड्ने समय हो त्यस कारणले अब हाम्रो प्रदेश सरकार जाग्नु पर्छ, उठ्नु पर्छ, दौड्नु पर्छ, आत्मबलका साथ काम गर्नु पर्छ अघि यहा एकजना पूर्ववक्ता माननीयज्यूले भनिराख्नु भा थियो केन्द्रमा संघमा अरु प्रदेशमा के भैराछ त्यतातिर छोडौ हाम्रो ध्यान त्यतातिर जानु हुदैन हामी मिलेर चाहि यो प्रदेशको भविष्यको लागि हामी चिन्तन मनन गरौ र हामी यो प्रदेशलाई अगाडी बढाउ मेरो

पनि यो प्रदेश सभाले राम्रो काम गरेको छ माननीय सभामुख महोदयलाई धन्यवाद दिन चाहान्छु यो प्रदेश सरकारले पनि राम्रो काम गरोस यो बाँकी रहेका दुइ बर्ष सम्म राम्रो काम गरोस भन्ने शुभकामना दिदै र यो हिउदे अधिवेशनको समय भएको कारणले हामीसँग अझै कुनै कानूनको अभाव छ भने त्यो विधेयक ल्याएर हामी त्यो कानून बनाएर पास गरौ र यो प्रदेशको जनतालाई हामी शान्ति सुशासन देखि लिएर यो प्रदेशलाई विकासमा हामीले अगाडी बढाउ भन्ने शुभकामना दिदै अन्तमा हामी थारुहरुको लावा साल भन्छौ हामी माघ महिनालाई यो थारुहरुको लावासाल माघ महिनाको पनि सम्पूर्ण माननीयज्यूहरुलाई उहाहरुको सबैको सफलताको शुभकामना दिदै मेरो भनाई यही अन्त्य गर्छु धन्यवाद नमस्कार

**माननीय सदस्यहरु,**

आजको विशेष समय यही समाप्त हुन्छ ।

**माननीय सदस्यहरु,**

अब **"सुदूरपश्चिम प्रदेशको वीउ विजन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक"** माथिको कारबाही प्रारम्भ हुन्छ ।

**माननीय सदस्यहरु,**

प्रदेश सभा नियमावली, २०७४ को नियम १०५ बमोजिम कुनै पनि माननीय सदस्यको **"सुदूरपश्चिम प्रदेशको वीउ विजन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक"** लाई सभा समक्ष प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव उपर विरोधको सूचना प्राप्त हुन नआएको जानकारी गराउँछु ।

**माननीय सदस्यहरु,**

अब म, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय विनिता देवी चौधरीलाई प्रदेश सभा नियमावली, २०७४ को नियम १०६ को उपनियम (२) बमोजिम संक्षिप्त वक्तव्य सहित **"सुदूरपश्चिम प्रदेशको वीउ विजन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक"** लाई सभा समक्ष टेबुल गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदयसर्व प्रथम त म भागरथि भट्टको दुखद घटनाको म घोर भत्सना गर्न चाहान्छु , र सत्य तथ्य छानविनको लागि सम्बन्धीत निकायको ध्यान पुगोस भन्ने आग्रह गर्न चाहान्छु । माननीय सभामुख महोदयसुदूरपश्चिम प्रदेशको बीउ विजन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक माथि , कुनै पनि माननीय सदस्यहरुले विरोधको सूचना दर्ता नगराई विधेयकलाई सभा समक्ष टेबुल गर्न मार्ग प्रसस्त गरिदिनु भएकोले माननीय सदस्यहरुलाई ध्यवाद प्रदान गर्न चाहान्छु । यस प्रदेशमा बीउ विजनको उत्पादनप्रशोधन तथा परिक्षण गरि बजारीकरणको माध्यमबाट कृषि उत्पादन तथा ,भण्डारण , उत्पादकत्व वृद्धि गर्न आवश्यक भएकोले प्रदेश सरकारले उक्त आवश्यकता महसुस गर्दै प्रस्तुत विधेयकलाई सचिवालयमा दर्ता गराएको व्यहोरा सभा समक्ष जानकारी गराउन चाहान्छु । माननीय सभामुखबाट विधेयक टेबुल गर्न अनुमति प्राप्त भएकोले प्रदेश सभा नियमावली १०६ को नियम २०७४ , बमोजिम सुदूरपश्चिम प्रदेशको बीउ विजन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक सभा २ को उपनियम समक्ष टेबुल गर्दछु धन्यवाद ।

**माननीय सदस्यहरु,**

**"सुदूरपश्चिम प्रदेशको वीउ विजन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक"** माथिको आजको कारबाही यही समाप्त हुन्छ ।

**माननीय सदस्यहरु,**

अब **"सुदूरपश्चिम प्रदेशको पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक"** माथिको कारबाही प्रारम्भ हुन्छ ।

**माननीय सदस्यहरु,**

प्रदेश सभा नियमावली, २०७४ को नियम १०५ बमोजिम कुनै पनि माननीय सदस्यको **"सुदूरपश्चिम प्रदेशको पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक"** लाई सभा समक्ष प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव उपर विरोधको सूचना प्राप्त हुन नआएको जानकारी गराउँछु ।

**माननीय सदस्यहरु,**

अब, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्री माननीय विनिता देवी चौधरीलाई ,प्रदेश सभा नियमावली, २०७४ को नियम १०६ को उपनियम (२) बमोजिम संक्षिप्त वक्तव्य सहित **"सुदूरपश्चिम प्रदेशको पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक"** लाई सभा समक्ष टेबुल गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि कुनै पनि माननीय सदस्यहरुले विरोधको सूचना दर्ता नगराई विधेयकलाई सभा समक्ष टेबुल गर्न मार्ग प्रसस्त गरिदिनु भएकोमा सम्पूर्ण माननीय सदस्यज्यूहरुलाई धन्यवाद दिन चाहान्छु । यस प्रदेशमा पशु स्वास्थ्य, जनस्वास्थ्य एवं पशुकल्याण सुनिश्चित गर्दै पशुजन्य पदार्थ र पशु उत्पादन सामाग्रीको स्वच्छ र स्वास्थ्य रुपमा उत्पादन, विक्रि, वितरण, निकासी तथा विक्रि वितरण गर्न आवश्यक भएकोले प्रदेश सरकारले उक्त आवश्यकता महसुस गर्दै प्रस्तुत विधेयकलाई सचिवालयमा दर्ता गराएको व्यहोरा सभा समक्ष जानकारी गराउन चाहान्छु । माननीय सभामुखज्युबाट विधेयक टेबुल गर्न अनुमति प्राप्त भएकोले प्रदेश सभा नियमावली, २०७४ को नियम १०६ को उपनियम २ बमोजिम सुदूरपश्चिम प्रदेशको पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सभा समक्ष टेबुल गर्दछु धन्यवाद ।

**माननीय सदस्यहरु,**

**"सुदूरपश्चिम प्रदेशको पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक"** माथिको आजको कारबाही यही समाप्त हुन्छ ।

**माननीय सदस्यहरु,**

अब **"सुदूरपश्चिम प्रदेश दुग्ध विकास वोर्डको स्थापना र व्यवस्थापन गर्न बनेको बिधेयक"** माथिको कारबाही प्रारम्भ हुन्छ ।

**माननीय सदस्यहरु,**

प्रदेश सभा नियमावली, २०७४ को नियम १०५ बमोजिम कुनै पनि माननीय सदस्यको **"सुदूरपश्चिम प्रदेश दुग्ध विकास वोर्डको स्थापना र व्यवस्थापन गर्न बनेको बिधेयक"** लाई सभा समक्ष प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव उपर विरोधको सूचना प्राप्त हुन नआएको जानकारी गराउँछु ।

**माननीय सदस्यहरु,**

अब, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्री माननीय विनिता देवी चौधरीलाई ,प्रदेश सभा नियमावली, २०७४ को नियम १०६ को उपनियम (२) बमोजिम संक्षिप्त वक्तव्य सहित **"सुदूरपश्चिम प्रदेश दुग्ध विकास वोर्डको स्थापना र व्यवस्थापन गर्न बनेको बिधेयक"** लाई सभा समक्ष टेबुल गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेश दुग्ध विकास बोर्डको स्थापना र व्यवस्थापन गर्न बनेको विधेयक माथि कुनै पनि माननीय सदस्यहरुले विरोधको सूचना दर्ता नगराई विधेयकलाई सभा समक्ष टेबुल गर्न मार्ग प्रसस्त गरिदिनु भएकोमा सम्पूर्ण माननीय सदस्यज्यूहरुलाई धन्यवाद दिन चाहान्छु । यस प्रदेशमा दुग्ध उत्पादन, दुग्धजन्य पदार्थको प्रशोधन तथा बजारीकरण मार्फत दिगो आर्थिक समृद्धि हासिल गर्नका लागि अध्ययन अनुसन्धान र प्रवृधिको विकास गर्न दुर्ग विकास बोर्डको स्थापना र व्यवस्थापन गर्न आवश्यक भएकोले सरकारले उक्त आवश्यकता महसुस गर्दै प्रस्तुत विधेयकलाई सचिवालयमा दर्ता गराएको व्यहोरा सभा समक्ष जानकारी गराउन चाहान्छु । माननीय सभामुखज्युबाट विधेयक टेबुल गर्न अनुमति प्राप्त भएकोले प्रदेश सभा नियमावली, २०७४ को नियम १०६ को उपनियम २ बमोजिम सुदूरपश्चिम प्रदेश दुग्ध विकास बोर्डको स्थापना र व्यवस्थापन गर्न बनेको विधेयक सभा समक्ष टेबुल गर्दछु धन्यवाद ।

**माननीय सदस्यहरु,**

**"सुदूरपश्चिम प्रदेश दुग्ध विकास वोर्डको स्थापना र व्यवस्थापन गर्न बनेको बिधेयक"** माथिको आजको कारबाही यही समाप्त हुन्छ । अर्को वैठक मिति २०७७ साल फाल्गुन ६ गते बिहिबार दिउँसो १:०० बजे बस्ने भएकोले उक्त समयसम्मका लागि वैठक स्थगित भएको घोषणा गर्दछु ।